# बकैया गाउँकार्यपालिकाको मिति २०७५।६।२१ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

## १. पहिरोबाट अवरुद्ध सडक संचालन सम्बन्धमा:-

वर्षायाममा आएको पहिरोको कारणले अवरुद्ध भएका बकैया गाउँपालिकाको केन्द्रलाई वडा कार्यालय सम्म जोड्ने तथा गाउँपालिका भित्रका अन्य मुख्य सडकहरु मर्मत गरी तत्काल सुचारु गर्ने गरी बकैया गाउँ कार्यपालिकाको मिति २०७५।५।२० को निर्णय बमोजिम प्राविधिकलाई फिल्ड अवलोकन गर्न लगाई लागत अनुमान तयार गर्दा तपशिल बमोजिम रकम आवश्यक पर्ने देखिएकोले गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लागि पारित बजेटमा मर्मत सम्भार कोष शिर्षकमा विनियोजन गरिएको कुल रु २५ लाख रकमबाट उक्त कार्यमा लागेको रकम भुक्तानी गर्ने सर्वसम्मत पारित गरियो ।

तपशिल

| क.सं. | सडकको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | जलजले बड्दह सडक | ३ | १००००० |
| २ | बड्दह बस्तीपुर सडक | ८ | २५३०० |
| ३ | जलजले चम्पाखहरे सडक | ३ | ९६६०० |
| ४ | बागदेउ सरस्वति सडक | २ | १९५००० |
| ५ | भिरकोट माटाकोरी सडक | ७ | ९२००० |
| ६ | जुइना अंधेरी सडक | ७ | ३४५०० |
| ७ | जुइना सुधा सडक | ६ | ९८९०० |
| ८ | हात्तिसुडें च्याउच्याउ सडक | ९ | ८०५०० |
| ९ | गोठखोला थली हुदैं पिपलडाडा सडक | ४ | ४६००० |
| १० | भिमसेनदमार रातोथली माझीखोला सडक | ४ | ६९००० |
| ११ | हात्तिसुडें कुडुले किर्ने सडक | ८,९ | ९२००० |
| १२ | जुरेली मुक्तास्वारा थली सडक | ४ | ७५००० |
| १३ | महादेवडाडा वडा कार्यालय जाने सडक | १ | ४६००० |
| १४ | मोरङ्गे थियाल सडक | १ | १२६५०० |
| १५ | भिमसेनदमार सोवी सिमलट्वाक सडक | ४ र ११ | १३८००० |
| १६ | भालुखोला सडक | ६ | ४६००० |
| १७ | गवरस्थान सडक | ६ | ४६००० |
| १८ | गढवन मोरङ्धाप सडक | ६ | ९२००० |
| १९ | पिपलडांडाबाट देउराली जोड्ने सडक | ११ | ९५००० |
| २० | आहाले सडक | ११ | ३०००० |
| २१ | कान्तिलोकपथ थली घुम्ती सडक | ११ | १००००० |
| २२ | जितपुर ठिङ्गन सडक | १२ | १५०००० |
| २३ | हात्तिसुंडे मन्थली सडक(वडा नं. १० खण्ड) | १० | ४३०००० |
| २४ | आपचौर माथिल्लो सिमल सडक | ११ | २३००० |

बकैया गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर नेपाल

| | | | |
|---|---|---|---|
| २५ | तामाचौर चिप्लेटी मोटरबाटो सडक | १२ | १००००० |
| २६ | किर्ने अम्बासलेक सडक | ८ र १० | ५७५०० |
| २७ | थाकलचौर सडक | २ | ११५०० |
| | जम्मा रकम रु. | | २४९६३०० |

**२. IT Officer को पारिश्रमिक सम्बन्धमा :-**

'बकैया गाउँकार्यपालिकाको मिति २०७५।४।१३ को बैठकबाट स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट प्राप्त बजेट बमोजिम नै सुचना प्रविधि अधिकृत(IT OFFICER) को तलब भत्ता भुक्तानी गर्ने गरी निर्णय भएकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च नं १५६ मिति २०७५।६।११ को पत्रबाट निजहरुको मासिक पारिश्रमिक राजपत्राँकित तृतिय श्रेणीको कर्मचारीको सुरु तलब स्केल बमोजिम हुने र सो को २५ प्रतिशत रकम स्थानिय तहले अनिवार्य व्यवस्था गर्नुपर्ने गरी लेखि आएकोले २५ प्रतिशत रकम गाउँपालिकाको तर्फबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

**३. सवारी साधन खरिद सम्बन्धमा:-**

स्थानीय तहको संगठन संरचना तथा कार्यबोझ बमोजिम गाउँपालिकामा पर्याप्त सवारीसाधन हुन नसक्दा कार्यसम्पादनमा कठिनाइ उत्पन्न भएकोले मोटरसाईकल २ थान तत्काल खरिद गर्ने गरी सर्वसम्मत निर्णय गरियो।

**४. उपभोक्ता समितिको बैंक खाता सम्बन्धमा:-**

आर्थिक वर्ष २०७५।७६ मा बकैया गाउँपालिकाबाट उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको भुक्तानीको सहजताको लागि ति समितिहरुको खाता कृषि विकास बैंक हेटौंडामा खोल्नको लागि गाउँपालिकाको तर्फबाट सिफारिस गरिदिने सर्वसम्मत निर्णय गरियो।

**५. खेलकुद सम्बन्धी बजेट सम्बन्धमा:-**

बकैया गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५।७६ को स्विकृत वार्षिक कार्यक्रमहरु मध्ये 'बकैया गाउँपालिका-कार्यक्रम' बजेट उपशिर्षक अन्तर्गत रहेको 'खेलकुद विकास कार्यक्रम' शिर्षकको रु २० लाख रकमबाट वडाहरुमा खेलकुद सम्बन्धी कार्यक्रमहरु संचालन गर्न परियोजना प्रस्ताव स्विकृत गरी कार्यक्रम सम्पन्न भै नियमानुसार भुक्तानी माग भएमा प्रति वडा बढिमा रु १ लाख भुक्तानी गरिदिने गरी सर्वसम्मत निर्णय गरियो ।

**६. विद्युतीकरणको रकम सम्बन्धमा:-**

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को स्विकृत वार्षिक कार्यक्रम मध्ये 'बकैया गाउँपालिका-कार्यक्रम' बजेट उपशिर्षक अन्तर्गत रहेको 'बकैया गाउँपालिका विद्युत विस्तार' शिर्षकको रु ६० लाख

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

रकमबाट आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाबाट खरिद गरिएका तथा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएका तार/पोलहरु टाँङ्गने/गाड्ने कार्य, नेपाल विद्युत प्राधिकरणबाट गाउँपालिकाका विभिन्न वडाको भोल्टेज सुधारको लागि निशुल्क प्राप्त हुने तार पोलको ढुवानी तथा सम्बन्धीत क्षेत्रको लागि आवश्यक थप सामाग्रिहरु खरिदमा खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. कर्मचारीहरुको चाडपर्व खर्च सम्बन्धमा:-**

बकैया गाउँपालिकासँग सेवा करार सम्झौता गरी विगत ६ महिना भन्दा बढि अवधि देखि सेवा गरीरहेका केहि कर्मचारीहरुसँग गाउँपालिकाले गरेको सेवा करार सम्झौतामा चाडपर्व खर्च प्रदान गर्ने व्यवस्था छुट हुन गएकोले सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को परिपत्रबाट निर्देशन भए बमोजिम तपशिल बमोजिमका कर्मचारीहरुलाई वार्षिक रुपमा १ महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**तपशिल**

| क सं | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | दिपक राई | इन्जिनियर | |
| २ | सुमन राई | सब-इन्जिनियर | |
| ३ | गंगा फुँयाल | सामाजिक परिचालक | |
| ४ | प्रेमराज घलान | सामाजिक परिचालक | |
| ५ | गिता माझी | कार्यालय सहयोगी | |
| ६ | शंखलाल बज्यु | कार्यालय सहयोगी | |
| ७ | बच्चुराम राई | कार्यालय सहयोगी | |
| ८ | बिष्णु प्रसाद धिताल | कार्यालय सहयोगी | |
| ९ | सरिता माया दोङ | कार्यालय सहयोगी | |
| १० | बबिता माझी | कार्यालय सहयोगी | |
| ११ | दिनेश राई | कार्यालय सहयोगी | |
| १२ | प्रदिप कुमार स्याङ्तान | कार्यालय सहयोगी | |
| १३ | हरीमाया लो | कार्यालय सहयोगी | |
| १४ | सरीता सँजेल | कार्यालय सहयोगी | |
| १५ | शेर बहादुर लो | कार्यालय सहयोगी | |
| १६ | शान्ता घिमिरे दाहाल | कार्यालय सहयोगी | |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

दामोदर [illegible]

८. 'बकैया गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५' मा संशोधन सम्बन्धमा:-

'बकैया गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५' को दफा ४.१ मा तपशिल बमोजिम व्यवस्था थप गर्ने निर्णय गरियो ।

४.१ नयाँ दरखास्त आव्हान गर्नु नपर्ने

कुनै पदको लागि विज्ञापन प्रकाशन गरिसकेपछि सो पदमा छनौट तथा सिफारिस समितले उम्मेदवार सिफारिस गर्नु भन्दा पहिले नै सोहि पद सँग मिल्दोजुल्दो पदमा कर्मचारी रिक्त हुन गई सेवा करारमा लिनु पर्ने भएमा थप पदको लागि विज्ञापन प्रकाशन नगरीकन नै प्रकाशित विज्ञापनबाट विज्ञापन गरिएको पद संख्या भन्दा बढि संख्यामा कर्मचारी सेवा करारमा लिन बाधा पर्ने छैन । तर यसरी सिफारिस गर्दा सिफारिस गरिने उम्मेदवारको संख्या भन्दा बढि संख्यामा अनिवार्य रुपमा दरखास्त परेको हुनु पर्नेछ अन्यथा थप पदको लागि पुन विज्ञापन गर्नुपर्नेछ ।

९. शैक्षीक अवलोकन भ्रमण कार्यक्रमको लागि रकम सम्बन्धमा:-

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लागिँ स्विकृत 'बकैया गाउँपालिका कार्यक्रम' बजेट उपशिर्षकको 'शिक्षा सुदृढिकरण कार्यक्रम' बाट खर्च लेख्ने गरी बकैया गाउँपालिका भित्र रहेका २ श्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुका प्रधानाध्यापकहरुको शैक्षीक अवलोकन भ्रमणको लागि प्रति श्रोत केन्द्र बढिमा रु ७५,०००.०० रुपैया उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

१०. 'बकैया गाउँपालिकाको खर्च सम्बन्धि मापदण्ड, २०७५' स्विकृत सम्बन्धमा:-

बकैया गाउपालिकाले सन्चालन गर्ने तालिम,गोष्ठि, भ्रमण, कार्यशाला, अनुगमन, सुपरिवेक्षण तथा सार्वजनिक परीक्षण लगायतका कार्यक्रममा खर्च गर्नका लागिं एकरुपता कायम गरी गाउपालिकाका सवै योजना तथा कार्यक्रमको बजेट खर्चमा एकरुपता कायम गर्न साथै उक्त खर्चको पारदर्शिता समेत कायम गर्नका लागि सीमा तयार गर्न वाञ्छनीय भएकोले निम्नानुसारको मापदण्ड स्विकृत गरी लागु गर्ने निर्णय गरियो ।

## बकैया गाउँपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०७५

*प्रचलित ऐन नियममा खर्चको मापदण्ड तोकिएकोमा सोही बमोजिम गर्ने नतोकिएकोमा देहाय बमोजिम खर्च गर्नका लागि यो मापदण्ड तयार पारिएको छ ।*

1. ***गाउँ सभाको बैठक भत्ता :*** *स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ सभाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ सभाको बैठकका पदाधिकारी र सचिव र बढीमा ४ जना सहयोगी कर्मचारीलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० सम्म खर्च गर्न सकिनेछ ।*
2. ***गाउँ कार्यपालिकाको बैठक भत्ता :*** *स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ कार्यपालिकाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ कार्यपालिकाको बैठकका पदाधिकारी र सचिव र १ जना सहयोगी कर्मचारीलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० सम्म खर्च गर्न सकिनेछ ।*

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

३. **वडा समितिको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम वडाध्यक्षको अध्यक्षतामा गर्ने वडा समितिको बैठकका पदाधिकारी र सचिवलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० सम्म खर्च गर्न सकिनेछ ।

४. **खाजा/खाना खर्च :** अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणीत गराई नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च वापत प्रति २ घण्टाको रु २५० दिन सकिनेछ । तर सार्वजनिक विदाको काम गरे वापत खाजा/खर्चको लागि रु. ५०० उपलब्ध गराइनेछ।

५. **परिवहन खर्च :** परिवहन खर्च वापत बकैया गाउँपालिकाको वडा नं. १,१०,११,१२ को वडामा बैठकमा सहभागी हुने प्रतिनिधीहरुलाई आतेजाते वापत पारवाहन खर्च रु. ४०० र वडा नं. २,८,९ बाट बैठकमा सहभागी हुने प्रतिनिधीहरुलाई आतेजाते वापत पारवाहन खर्च रु. २०० दिन सकिनेछ। अन्यलाई परिवहन खर्च उपलब्ध गराइनेछैन ।

६. **सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा भ्रमण खर्च :** गाउँपालिकाको स्विकृत कार्यक्रम अनुसार सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रममा गरिने खर्चको मापदण्ड तल दिइएको छ । सो मापदण्डलाई आधार लिई खर्च गर्नुपर्नेछ । सो देखि बाहेकका विषयहरु र उल्लिखित दरभन्दा अधिक दरमा खर्च गर्नु परेमा गाउँ कार्यपालिकाको पूर्व स्विकृति लिएर मात्र गर्नु पर्नेछ ।

| क्र.सं. | विवरण | गाउँ स्तर | वडा स्तर | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय स्तरको श्रोत व्यक्ति/प्रशिक्षक पारिश्रमिक | | | • एउटा कक्षा कम्तीमा १.५ घण्टाको हुनुपर्दछ ।<br>• कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको प्रवन्ध सम्झनुपर्दछ । |
| | क. कार्यपत्र/Handsout वापत | १५०० | १००० | |
| | ख. कक्षा सञ्चालन वापत | १००० | १००० | |
| २ | जिल्ला स्तरको श्रोत व्यक्ति/प्रशिक्षक पारिश्रमिक | | | |
| | क. कार्यपत्र/Handsout वापत | १००० | ८०० | |
| | ख. कक्षा सञ्चालन वापत | १००० | ७०० | |
| ३ | आन्तरीक र स्थानीयस्तरको श्रोत व्यक्ति/प्रशिक्षक पारिश्रमिक | | | |
| | क. कार्यपत्र/Handsout वापत | ८०० | ७०० | |
| | ख. कक्षा सञ्चालन वापत | ७०० | ६०० | |
| ४ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, उद्घाटन, समापनमा खाजा/सहभागि खाजा (प्रति व्यक्ति प्रति दिन) | १५० | १०० | • संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारी समेत |
| ५ | मसलन्द (गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाका लागि) | | | • प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्डमार्कर, पारदर्शक पाना, कार्यपत्रको छायाँप्रति, मेटाकार्ड, मास्किङ टेप इत्यादि । |
| | क. सहभागीको लागी प्रति सहभागी | १०० | ५० | |
| | ख. प्रशिक्षण कार्यकाको लागि (प्रति कार्यक्रम) | १५०० | १००० | |
| ६ | मसलन्द (तालिम कार्यक्रमका लागि) सहभागी मसलन्द प्रति व्यक्ति प्रति पटक | | | • प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्डमार्कर, पारदर्शक पाना, |
| | क. सहभागीको लागी प्रति सहभागी ( ७ दिनका लागि ) | १०० | ५० | |

| | | | | |
|---|---|---|---|---|
| | ख. प्रशिक्षण कार्यकाको लागि (प्रति कार्यक्रम) | १५०० | १००० | कार्यपत्रको छायाँप्रति, मेटाकार्ड, मास्किङ टेप इत्यादि । |
| ७ | संयोजक भत्ता (प्रति दिन) | ४०० | ३०० | • एक कार्यक्रममा एक जना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछी र दुई जनासम्म सहयोगीलाई भत्ता दिन सकिनेछ ।<br>• संयोजक तालिम अवधिमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे वापत संयोजकले पाउने भत्ता पाउनेछैन । |
| ८ | सहयोगी भत्ता (प्रति दिन) दुई जना सम्मका लागि | १५० | १५० | |
| ९ | विविध (प्रमाणपत्र, पानी, सरसफाई, तुल इत्यादिको लागि) | | | |
| | क. ७ कार्य दिनसम्म प्रति कार्यक्रम | १००० | ५०० | |
| | ख. ३० कार्य दिनसम्म प्रति कार्यक्रम | १५०० | ७५० | |
| | ख. ३० कार्य दिनभन्दा बढी प्रति कार्यक्रम | २००० | १००० | |
| १० | प्रशिक्षार्थी आवास खर्च (दैनिक भ्रमण भत्ता नपाएको खण्डमा खाजा खाना खर्च उपलब्ध गराउने) | ५०० | ३०० | |
| ११ | सहभागी दैनिक भत्ता प्रति दिन | ७०० | [illegible] | तालिमका सहभागीहरूलाई भत्ता खर्च वापत |
| १२ | सहभागी यातायात खर्च प्रति व्यक्ति प्रति दिन | २०० | २०० | तालिमका सहभागीहरूलाई यातायात खर्च वापत (दैनिक भत्ता पाएमा बकैया ३–७का सहभागिले पारवाहन खर्च नपाउने) |
| १३ | तालिम सुविधा (तालिम कक्ष र भाडामा लिनुपर्ने उपकरणको भाडा) | १५०० | १००० | आवस्यक भएमा मात्र खर्च गर्ने |
| १४ | प्रतिवेदकको पारिश्रमिक (सम्मेलन गोष्ठी कार्यशाला ) प्रति दिन | | | प्रतिवेदकको पारिश्रमिक प्रतिवेदन बुझाएपछी मात्र दिनुपर्नेछ । प्रति कार्यक्रम रू. ३,००० भन्दा बढी हुनुहुदैन । साथै तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक र खाजा/खाजा खर्च दोहोरो सुविधा पाइने छैन । |
| | क. एक दिनको कार्यक्रमको लागी | १००० | १००० | |
| | ख. एक दिन भन्दा बढीको कार्यक्रम भए अतिरिक्त थप | ५०० | ५०० | |
| | ग. खाना बस्न (वास खर्च ) | दै.भ्र. नियमानुसार | दै.भ्र. नियमानुसार | |

नोट :- यसका अतिरिक्त अन्य खर्चहरू अर्थ मन्त्रालयले तोकि दिए बमोजिम हुनेछ ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँड, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष